**प्रस्ताव नं १: आ.व. २०८१।८२ को आर्थिक ऐन, २०८१ सम्बन्धमा ।**

**निर्णय नं १: प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. २०८१।८२ को आर्थिक ऐन, २०८१ पारित गर्ने निर्णय गरियो ।**

# कालिकामाई गाउँपालिका

## आर्थिक ऐन, २०८१

कालिकामाई गाउँपालिका

हरिहरपुरबिर्ता, पर्सा

# कालिकामाई गाउँपालिकाको आर्थिक विधेयक, २०८१

कालिकामाई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>:**कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कालिकामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति करलगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतको कर आवश्यक कानुन बनाई व्यवस्थापन गरिने छ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर,  प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहित्र बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटनशुल्कः प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुटः यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

# आ.व. २०८१।०८२ को लागी प्रस्तावित कर तथा गैरकर राजश्वको दर

## अनुसूची- १

### एकिकृत सम्पत्तिकरको दर

| क्र.स. | करयोग्य एकीकृत सम्पत्तिको मुल्य | चालु आ.व. कोदर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | दश लाख रुपैया सम्म | ५००\|- | |
| २. | दशलाख एक देखि पन्ध्र लाख सम्म | १०००\|- | |
| ३. | पन्ध्र लाख एक देखि बीस लाख सम्म | १५००\|- | |
| ४. | बीस लाख एक देखि तीस लाख सम्म | २०००\|- | |
| ५. | तीस लाख एक देखि पचास लाख रुपैया सम्म | ५०००\|- | |
| ६. | पचास लाख एक देखि एक करोड रुपैया सम्म | १००००\|- | |
| ७. | एक करोड एक रुपैया देखि पाँच करोड सम्म | २००००\|- | |
| ८. | पाँच करोड एक रुपैया देखि माथि | ५रुपैया प्रति हजार | |

### जग्गाको मुल्याङ्गन दर :

श्री मालपोत कार्यालय, पर्सा, विरगञ्जले आ.व.२०८१/०८२ को लागि जारी गरेको जिल्ला भरीको जग्गाको न्युनतम मुल्यांकनर गा.पा.ले तोकेको दररेट बमोजिम हुनेछ ।

| क्र.स. | ठाउँ/क्षेत्र | गाउँ भित्र नम्बरी घडेरी जग्गा बाटो प्रति कठ्ठा | | | सरेह खेत बाटो भएको प्रति कठ्ठा | | | बिना बाटोको सरेह खेत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कालो पत्रे तथा ढलान रोड संग जोडिएको | ग्राभेल | कच्ची | कालो पत्रे वा ढलान बाटो | ग्राबेल | कच्ची | | |
| १. | मुडली वडा नं. १ | ६,३०,०००।- | ५,२५,०००।- | ३,१५,०००।- | २,००,०००।- | १,२६,०००।- | १,०५,०००।- | ९४,५००।- | |
| २. | भेडिहारी वडा नं. २ | ६,३०,०००।- | ५,२५,०००।- | ३,१५,०००।- | २,००,०००।- | १,२६,०००।- | १,०५,०००।- | ९४,५००।- | |
| ३. | हरिहरपुर बिर्ता वडा नं. ३ | ६,३०,०००।- | ५,२५,०००।- | ३,१५,०००।- | २,००,०००।- | १,२६,०००।- | १,०५,०००।- | ९४,५००।- | |
| ४. | प्रशुरामपुर वडा नं. ४ | ६,३०,०००।- | ५,२५,०००।- | ३,१५,०००।- | २,००,०००।- | १,२६,०००।- | १,०५,०००।- | ९४,५००।- | |
| ५. | बिरंचिबर्वा वडा नं. ५ | ६,३०,०००।- | ५,२५,०००।- | ३,१५,०००।- | २,००,०००।- | १,२६,०००।- | १,०५,०००।- | ९४,५००।- | |

# अनुसुची- २

भूमि कर ( मालपोत) :

प्रति कठ्ठा रु. ३

## अनुसुची - ३

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरेपि | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल कर | ५प्रति कठ्ठा | पाँच रुपैया | |
| २ | घर बहाल कर बार्षिक सय कडा | १०% | दस प्रतिशत | |
| ३ | जग्गा वहाल कर | रु. ५ | पाँच रुपैया | |
| ४ | बसपार्क/वर्कसप/उधोग/ व्यवसाय जग्गा भाडा सार्वजनिक जग्गा | मासिक २% | दुई प्रतिशत | |
| ५ | प्रति बर्गफिट न्युनतम | रु १० | दस रुपैया | |

# अनुसूची - ४

## व्यसायकरको दर

| क.स. | कारोबारको प्रकृति | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | फोटो स्टुडियो | ५००।- | |
| २ | फलफुल तथा विरुवा पसल | ५००।- | |
| ३ | माछा/मासु विक्रेता (बध गरेर) | ५००।- | |
| ४ | फर्निचर पसल | २५०० । | |
| ५ | ठेला पसल | ५०।- | |
| ६ | कपडा पसल | ५००।- | |
| ७ | भाडाकुडा पसल | ५००।- | |
| ८ | सैलुन तथा व्युटी पालर | १००।- | |
| ९ | औषधि पसल | ५००।- | |
| १० | किल्निक /ल्याब तथा प्याथोलोजि पसल | १०००।- | |
| ११ | जुत्ता चप्पल पसल | ५००।- | |

| | | | |
|---|---|---|---|
| १२ | किराना पसल | १००० । - | |
| १३ | साइकल मर्मत पसल | १०० ।- | |
| १४ | ग्यास पसल | १०० ।- | |
| १५ | लोहसार | १०० ।- | |
| १६ | सुनचाँदी पसल | २००० ।- | |
| १७ | हाड्वेयर पसल | २००० ।- | |
| १८ | पान पसल | १०० ।- | |
| १९ | टि.भी, मोबाइल, कम्प्युटर रिपेरिङ्ग पसल | १०० ।- | |
| २० | खैनी (सुर्ति पसल) | १०० ।- | |
| २१ | पेन्ट पसल | २०० ।- | |
| २२ | स्टेस्नरी पसल | १०० ।- | |
| २३ | खाध, विज भण्डार पसल | २०० ।- | |
| २४ | लौनडरी पसल | ५० ।- | |
| २५ | लेथ मेसिन/टेक्ट्र रिपेरिङ्ग पसल | १०० ।- | |
| २६ | गला भण्डार | ५०० ।- | |
| २७ | घडी पसल | १०० ।- | |
| २८ | मोटरसाइकल बस, जीप, रिपेरिङ्ग | ५०० ।- | |
| २९ | पेट्रोल पम्प | ५००० ।- | |
| ३० | गेट, ग्रिल वेल्डिङ्ग पसल | २०० ।- | |
| ३१ | बैक तथा वित्तिय संस्था | ५००० ।- | |
| ३२ | प्राविधिक तथा शैक्षिक परामर्श संस्था | १००० ।- | |
| ३३ | निजी विद्यालय | २००० ।- | |
| ३४ | विजुली पसल | ५०० ।- | |
| ३५ | टेन्ट पसल | १०० ।- | |
| ३६ | निर्माण व्यवसायी(दर्ता) | २१००० ।- | |
| ३७ | निर्माण व्यवसायी नविकरण | ३००० ।- | |
| ३८ | गैर सरकारी संघ संस्था | १००० ।- | |
| ३९ | निर्माण समाग्री | ५०० ।- | |

| | | | |
|---|---|---|---|
| ४० | ईटा उद्योग | ३०००।- | |
| ४१ | पोल्टरी फारम/गाई/माछा/बन्गुर | १००।- | |
| ४२ | दूध चिस्यान | ५००।- | |
| ४३ | पावरोटी/आइस्क्रिम तथा बरफ फेक्ट्री | ५००।- | |
| ४४ | सस्कृति तथा मनोरन्जन कर | ५ % | |
| ४५ | कोल्ड स्टोर | १०००।- | |
| ४६ | तेल, चामल, गहु, ऊखु कसर मिल | ५००।- | |
| ४७ | कानुनी परामर्श तथा लेखापढी व्यवसायी | ५००।- | |
| ४८ | अन्य (माथि उल्लेखित बाहेक) | १०००।- | |
| ४९ | जरिवाना(कुनै पनि संस्था, इजाज्त पत्र, समुह ईत्यादी समयमा नविकरण नगराएमाप्रत्येक वर्षको नविकरणको १०% का दरले जरिवाना लागनेछ ) | १०% | |
| ५० | अन्य नविकरण | दर्ता शुल्कको ५० % | |

# अनुसूची - ५

क) सवारी दर्ता तथा सवारी वार्षिक कर

| | | |
|---|---|---|
| १ | कार, जिपर ट्रेक्टरमा वार्षिक रु | १०००।- |
| २ | हेवी सवारीमा वार्षिक रु | ३०००।- |
| ३ | टेम्पु/ई-रिक्सामा वार्षिक रु | ५००।- |
| ४ | मिनी बसमा रु | २०००।- |
| ५ | मोटरसाइकल/स्कुटीमा वार्षिक | ५००।- |
| ६ | ठेलागाडामा वार्षिक रु | १००।- |

## अनुसूची- ६

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, वाल पेन्टिङ व्यापारीक प्रयोजनार्थ ( निजि जग्गा बाहेकको्मा) | **कार्यपालिकाले तोके बमोजिम** | | |
| २ | २० बर्ग फुट बार्षिक | | | |
| ३ | ४० बर्ग फुट थप | | | |
| ४ | ६० बर्ग फुट | | | |
| ५ | ८० बर्ग फुट | | | |
| ६ | सो भन्दा माथी | | | |
| ७ | प्रत्येक विद्युतपोलमा प्रति बर्ग मिटर प्रति महिना | | | |
| ८ | एक भन्दा बढी बोर्ड भएमा एक निशुल्क तर थपको उपरोक्त अनुसार र थप न.पा. ले तोके अनुसार | | | |

## अनुसूची- ७

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | **जादु, चटक, सर्कस र रमाईलो मेला** | कार्यपालिकाले तोके बमोजिम | | |
| २ | प्रतिदिन रु. ५०० देखी ५,००० सम्म स्तर हेरी प्रमुखले तोक्ने | | | |
| ३ | **मनोरञ्जन कर** | | | |
| ४ | चलचित्रहल व्यवसाय | | | |

## अनुसूची- ८

| | | | | |
|---|---|---|---|---|
| ५ | **पसल घर/सटर भाडा न्युनतम** | कार्यपालिकाले तोके बमोजिम | | |
| ६ | गुदरी बजार, मिना बजार, सिमरा, अरु सबै स्थानहरुमा | | | |
| ७ | **डबल सटर** | | | |
| ८ | बाहिर | | | |
| ९ | िभत्र | | | |
| १० | **सिङ्गल सटर** | | | |
| ११ | बाहिर | | | |
| १२ | भीत्र | | | |

गाउ  कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची- ९

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | कार्यपालिकाले तोके बमोजिम | | |
| २ | ट्र्याक्टरको लागि | | | |
| ३ | हलुका सवारी साधनको लागि | | | |
| ४ | हेभी सवारी साधनकोलागि | | | |
| ५ | मोटरसाइकलका लागि | | | |

गाउ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची- १०

<u>क. नक्सा पास दस्तुर</u>

३. नक्सा पास दस्तुर प्रति वर्गफिट रु ५वर्गफिट

१ अवासीय घरहरु

- भुई तल्ला - रु.५।-प्रति वर्ग फिट
- पहिलो तल्ला - रु७ ।-प्रति वर्ग फिट
- दोस्रो तल्ला - रु ९ ।-प्रति वर्ग फिट
- तेस्रो र सो भन्दा माथि - रु ११ ।-प्रति वर्ग फिट

२.<u>व्यवसायीक घर</u>रु १० वर्गफिट

३ <u>उद्योग र कलकरखाना</u> रु१० वर्गफिट

४पर्खाल - रु १।५०प्रति मिटर

नक्सा पास किताब शुल्क रु १०००

अमिनद्धारा जग्गा नाप जाँच रु १००० प्रति कित्ता

५. नक्सा पास नामसारी रु.६००

| ख गाउपालिका तथा वडा कार्यालयहरुबाट गरिने विभिन्न सिफारिसहरु सम्बन्धिशुल्क दस्तुर | | | |
|---|---|---|---|
| क्र.सं | विवरण | दस्तूर | कैफियत |
| १ | जन्म मिति प्रमाणित | ५० | |
| २ | नाम थर शंसोधन | ५० | |

| | | | |
|---|---|---|---|
| ३ | नाता प्रमाणित | २०० | |
| ४ | जग्गा नामसारी सिफारिस | २०० | |
| ५ | घर बाटो प्रमाणित | १०० | |
| ६ | मधेशी, दलित, आदिवासी सिफारिस | ५० | |
| ७ | विद्यूत मिटर सिफारिस | ५० | |
| ८ | चरित्रिक प्रमाणित | ५० | |
| ९ | जन्मदर्ता, मृत्यू दर्ता विवाह दर्ता (म्याद नाघेको हकमा) | पञ्जिकरण ऐन बमोजिम | |
| १० | बसाईसराई | | |
| ११ | नीजि विद्यालय नविकरण शुल्क | १००० | |
| १२ | विद्यालय कक्षा थप (up grading) शुल्क | शिक्षा समितिको निर्णय बमोजिम | |
| १३ | चारकिल्ला सिफारिस | ३०० | |
| १४ | सम्पत्ति मूल्यांकनको सिफारिस | ३०० | |
| १५ | मोही लगत कटा सिफारिस | १०० | |
| १६ | व्यापार व्यवसाय बन्द भएको सिफारिस | ५० | |
| १७ | घर जग्गाको लेखाजोखा सिफारिस | ५० | |
| १८ | बन्द घर तथा कोठा खोल्न | १५० | |
| १९ | सम्पत्ति मूल्याकन बाहेको अग्रेजीमा सिफारिस | ३०० | |
| २० | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ५० | |
| २१ | व्यक्तिगत विवरण प्रमाणित | ५० | |
| २२ | लालपूर्जा हराएको सिफारिस | १०० | |
| २३ | नाम थर जन्म मिति तथा एउटै व्यक्ति हो भने सिफारिस | १०० | |
| २४ | किता काट गर्ने सिफारिस | १०० | |
| २५ | हक वाला प्रमाणित | १०० | |
| २६ | उद्योग ठाउसारी सिफारिस | २०० | |
| २७ | विद्यालय खोल्न सिफारिस (नीजि विद्यालयको हक) | २५०० | |
| २८ | बहालकरको लेखा जोखा सिफारिस | ५० | |
| २९ | संचालन नभएका वा व्यापार व्यवसाय छँदै नभएको सिफारिस | १०० | |
| ३० | नि:शूल्क तथा सशूल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने | नि:शुल्क | |
| ३१ | घर पताल प्रमाणित (सूकूम्वासी) | ५० | |
| ३२ | जग्गा धनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्न सिफारिस | १०० | |
| ३३ | संरक्षक प्रमाणित | ५० | |

| | | | |
|---|---|---|---|
| ३४ | जिवित रहेको सिफारिस | १०० | |
| ३५ | हकदार प्रमाणित | १०० | |
| ३६ | आर्थिक अवस्था कमजोर वा सम्पनन सिफारिस | ५० | |
| ३७ | उद्योग संचालन सिफारिस | ५००० | |
| ३८ | एफ एम संचालन वा नविकरण | ५००० | |
| ३९ | माथि उल्लेखित सिफारिस गर्न सहर्जमिन मूचूल्का आवश्यक भए थप रु | ५०० | |
| ४० | माथि उल्लेखित बाहेक अन्य सिफारिस | १५० | |

ग)हाट बजार करको दर रेट

| सि.नं. | विवरण | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | मासु पसल | १ खसि | कार्यपालिकाले तोके बमोजिम |
| २ | सानो माछा तथा ठुलो माछा | प्रति पसल | |
| ३. | टोकरी साग सबजी | प्रति टोकरी | |
| ४. | साग सबनी टायर गाडा/पिक अथप | प्रति टायर | |
| ५. | साइकल दोकान पसल | प्रति पसल | |
| ६. | हांस कुखुरा आदीमा | प्रति हास | |
| ७. | चौपाया | प्रति गोठा | |
| ८. | मिठाई पसल | प्रति पसल | |
| ९. | माटो,भाडा पसल | प्रति पसल | |
| १०. | फलफुल | प्रति पसल | |
| ११ | अन्य ठेला | प्रति पसल | |
| १२ | ऐलानी जग्गामा थपेको पलस /गुम्टी | प्रति पसल | |

## घ. पोखरीहरूको दररेट

| **क्र.सं.** | **पोखरीको नाम** | **ठेगाना** | **ठेक्का रकम (वार्षिक)** |
|---|---|---|---|
| १ | | | कार्यपालिकाले तोके बमोजिम |
| २ | | | |
| ३. | | | |
| ४. | | | |